# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission of Nepal**

केन्द्रीय कार्यालय (Central Office)

हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


राष्ट्रिय मानव अधिकार आयोग नेपाल

**प्रेस नोट**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७१ मङ्सिर ५ गते

## छुवाछुतको अवस्था कायम रहनु देशकै लागि अभिशापः अध्यक्ष

दलित महिला अधिकारकर्मीहरूले दलित महिलामाथि हुने विभेदकारी व्यवहारलाई अन्त्य गर्नका लागि पहल गरिदिन राष्ट्रिय मानव अधिकार आयोग समक्ष आग्रह गरेका छन् ।

'दलित महिला संघ' को नेतृत्वमा आएको एक प्रतिनिधि मण्डलले शुक्रबार आयोगका पदाधिकारीहरूसँग भेटी त्यस्तो आग्रह गरेको हो ।

सो अवसरमा बोल्दै 'दलित महिला संघ' का अध्यक्ष दुर्गा सोवले दलित महिलाहरू चौतर्फी भेदभाव र दुर्व्यवहार भोग्नुपरेको जानकारी दिनुभयो । अध्यक्ष सोवले दलितले उत्पादन गरेको दूध बिक्री नभएको, देशमा छुवाछुत प्रथा कायमै रहेको, अन्तरजातीय विवाह गर्ने दलित महिलाले शारीरिक तथा मानसिक यातना भोग्नुपरेकोजस्ता कारणले दलित महिलाहरूको मानव अधिकार हनन् भइरहेको बताउनुभयो ।

उहाँले सामाजिक समावेशीकरणको नारा उठे पनि समाजमा दलित महिलाको प्रतिनिधित्व निकै कमजोर रहेको विषयमा चर्चा गर्दै दलित महिलाहरूको मानव अधिकार संरक्षण र सम्वर्द्धनमा रचनात्मक भूमिका निर्वाह गर्न आयोगलाई आग्रह गर्नुभयो ।

आयोगका अध्यक्ष अनुपराज शर्माले छुवाछुत प्रथालाई देशको अभिशापको रूपमा चित्रण गर्दै यसको अन्त्यका लागि हाम्रो मानसिकतामा नै परिवर्तन आउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

उहाँले दलितहरूले समुदायले भोगेका तमाम दुर्व्यवहारहरू अन्त्य गर्न दलित समुदायको सशक्तीकरण हुनुपर्नेमा जोड दिनुभयो ।

सो अवसरमा आयोगका सदस्य मोहना अन्सारीले दलित महिलाहरूको मानव अधिकार संरक्षण र सम्वर्द्धन गर्ने कार्यमा प्रतिबद्धता जनाउँदै आफूहरू दलितहरूको हकहितका लागि सजग र प्रयत्नशील रहेको बताउनुभयो ।

उहाँले दलितहरूको हक-अधिकार स्थापित गर्न आफूहरूलाई दलित समुदायको सहयोग र समर्थन अपरिहार्य भएको बताउनुभयो ।

वेदप्रसाद भट्टराई
कामु सचिव

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७०९३, पो.ब.नं. ९९८२ काठमाण्डौं, नेपाल